नगर कार्यपालिकाको
बैठक संख्या: ७०, २०७९-२०८४
मिति २०८२/११/२९ को
निर्णय प्रमाणित .........

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
स्थापना : २०७१

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ७०, २०७९-२०८४)

**मिति : २०८२ फागुन २९ गते**

**निर्णयहरुः**

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. कोहलपुर बृहत शहरी खानेपानी उपभोक्ता संस्था, कोहलपुर ११, बाँकेले संस्थाको साधारण सभाबाट पारित गरेको पाँचौ संशोधित विधान २०८२ प्रमाणिकरणका लागि यस कार्यालयमा प्राप्त भएकोमा उक्त साधारण सभाबाट पारित भएको संशोधित विधानलाई स्वीकृत गर्ने ।

३. यस नगरपालिका अन्तर्गत रहेका देहायका समितिहरुको विभिन्न मितिको निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने ।

क. यस नगरपालिकामा गठित भूमि सम्बन्धी अधिकार सम्पन्न समितिको मिति २०८२ पौष ११ गतेका निर्णयहरु ।

ख. कोहलपुर नगरपालिका महिला बालबालिकाको शाखामा रहेको स्थानीय अपाङ्गता समन्वय समितिको मिति २०८२/१०/२५ र २०८२/११/२५ को निर्णयहरु ।

ग. कोहलपुर नगरपालिका आर्थीक विकास समितिको मिति २०८२/११/२५ गतेको निर्णय ।

४. आ.व. २०८१/०८२ को वडा नं. १२ स्थित श्री ज्ञानज्योति मा.वि. को नमुना बाल विकास कक्षा ब्यवस्थापन तर्फका works र Goods तर्फका विविध कार्यक्रमहरु भएकोमा, works तर्फ भुक्तानी दिन बाँकी दायित्व पुँजिगत अनुसुची ०३ सि.नं.३ मा बजेट ब्यवस्था भएतापनि Goods तर्फको रकम भुक्तानी दिन बाँकी दायित्व चालु अनुसुची ०४ तर्फ राख्न छुट भएकोमा उक्त रकम रु.६३,३००।- अनुसुची ०४ सि.नं. १७८ बाट भुक्तानी गर्ने ।।

५. कोहलपुर क्षेत्रमा जडान गरिएका CCTV क्यामेराको मनिटर ईलाका प्रहरी कार्यालयमा राखिएको र उक्त मनिटरलाई अधिकतम तापक्रमले गर्दा बिग्रिन सक्ने भएकाले १ थान AC व्यवस्थापन गरी भैपरी आउनु पूँजिगत शीर्षकबाट रु.९५,०००।- भुक्तानी गर्ने ।

६. मिति २०८२/०५/२४ गते जेन जी आन्दोलनको क्रममा यस कार्यालयमा रहेको दमकलमा आगलागीका कारण क्षती पुगेको हुँदा सो दमकल मर्मत कार्यका लागि बिमा दाबी गरेको रकम आउन ढिलाई भएकाले पछी स्रोत भर्ना हुने गरी हाल कार्यालयको सवारी साधन मर्मत खर्च शीर्षकबाट सिप्रदी ट्रेडिङलाई रु.३,३५,९११।- भुक्तानी गर्ने ।

७. मिति २०८२/०५/२४ गते जेन जी आन्दोलनको क्रममा यस कार्यालयमा रहेको नगर प्रहरीले प्रयोग गरिरहेको पिक अप भ्यानमा क्षती पुगेको हुँदा सो को मर्मत कार्यका लागि बिमा दाबी गरेको रकम आउन ढिलाई भएकाले पछी स्रोत भर्ना हुने गरी हाल कार्यालयको सवारी साधन मर्मत खर्च शीर्षकबाट रु.४,०९,४३१।- भुक्तानी गर्ने ।

**मान बहादुर गिरी**
प्रमुख प्रशासकिय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ७०, २०७९-२०८४
मिति २०८२/११/२९ को
निर्णय प्रमाणित ......

८. सामुदायिक विद्यालयका छात्राहरुका लागि नि:शुल्क वितरणका लागि स्यानिटरी प्याड आ.ब. २०८२/०८३ मा खरिद गरी वितरण गर्ने सम्बन्धमा गुणस्तर परीक्षणका लागि नेपाल गुणस्तर तथा नापतौल विभाग बालाजु काठमाडौंमा पठाईएकोमा जेन्जी आन्दोलनका क्रममा उक्त विभागमा आगजनी भई पूर्णरुपमा जलेर नष्ट भएको र कार्यालय पुर्नःस्थापना नहुँदा सम्मका लागि सेवा प्रवाह गर्न नसकिने भन्ने जानकारी प्राप्त भएकाले खरिद गरी भण्डारण गरिएको स्यानिटरी प्याड वितरण नगरी यथावत राखेमा बिग्रिन सक्ने देखिएकाले सामुदायिक विद्यालयहरुमा वितरण गर्ने ।

९. यस नगरपालिका भित्र रहेका विभिन्न स्वास्थ्य संस्थाहरुले सञ्चालन अनुमतिका लागि निवेदन पेश गरेकोमा स्वास्थ्य मापदण्ड पुरा भएका देहाय बमोजिम स्वास्थ्य संस्थाहरुलाई अनुमति प्रदान गर्ने ।

| सि.नं | स्वास्थ्य संस्थाको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १ | श्री शारदा अस्पताल प्रा.लि., कोहलपुर ११, बाँके | नयाँ दर्ता(१ वर्ष), ५ बेड |

१०. कोहलपुर नगरपालिका १ नं. वडा कार्यालयको जनहितमा जारी सूचना तथा सन्देश प्रकाशन गरे वापत आ.ब. २०८२/०८३ को नीति, बजेट तथा कार्यक्रमको वडा सिलिङ् तर्फ विनियोजित सि.नं. १२७ सूचना संप्रेषण तथा प्रकाशन प्रसारण खर्च शीर्षकबाट नेपथ्य मिडिया प्रा.लि.लाई रु.३०,०००।– भुक्तानी गर्ने ।

११. कोहलपुर नगरपालिकामा खुल्ला भलिबल खेलकुद प्रतियोगिताका लागि बजेट बिनियोजन भएकोमा सो खेलकुद प्रतियोगिताका लागि सि.नं. ४०५ नगर स्तरीय खुल्ला भलिबल प्रतियोगिता (वडा स्तरीय क्लबको सहभागितामा) शीर्षकबाट रु.२,००,०००।– र सि.नं. ४३१ नगर स्तरीय साईक्लिङ् खुल्ला प्रतियोगिता शीर्षकबाट अपुग रकम रु.१,००,०००।– गरी जम्मा रु.३,००,०००।– भुक्तानी गर्ने ।

१२. कोहलपुर नगरपालिका वडा नं. २ मा सब इन्जिनीयर पदमा कार्यरत श्री लक्षीराम नेपाली कार्यालयको कामको सिलसिलामा योजनाको साइट निरीक्षणमा जानेक्रममा दुर्घटना भई हात फ्याक्चर भयर उपचार गर्नु पर्ने भएकोले सो वाफत आर्थीक सहायता शिर्षकबाट हुने गरी रु. ५०,०००(पचास हजार) उपलब्ध गराउने ।

१३. कोहलपुर नगरपालिका वडा नं. ७ स्थित आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणमा विनियोजित रकम ३८,००,०००।– मा ल.ई. बमोजिम अपुग हुने रकम रु.११,००,०००।- समपुरक कोषबाट थप गरी ने.रा.आ.बि. लखनावार विद्यालयभित्र दुई कोठे भवन निर्माण गरी उक्त भवनमा वडा स्वास्थ्य खोप केन्द्र सञ्चालन हुने गरी ठेक्का प्रक्रिया अगाडी बढाउने ।

१४. यस नगरपालिकाको कार्यालयमा रिक्त रहेका तपसिल बमोजिमका पदहरुमा करारमा पदपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने ।

| सि.नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | कम्प्युटर अपरेटर | पाँचौ | १(एक) | |
| २. | असिष्टेण्ट सब ईन्जिनियर | चौथो | २(दुई) | |
| ३. | भारी सवारी चालक | श्रेणीविहीन | १(एक) | |



मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

कोहलपुर नगरपालिका नगर सभाको सचिवालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ७०, २०७९-२०८४
मिति २०८२/११/२९ को
निर्णय प्रमाणित ........

| | | | | |
|---|---|---|---|---|
| ४. | हलुका सवारी चालक | श्रेणीविहीन | २(दुई) | |
| ५. | माली | श्रेणीविहिन | १(एक) | |
| ६. | कार्यालय सहयोगी | श्रेणीविहीन | २(दुई) | |

१५. यस नगरपालिकामा रहेको नगर अस्पताल एवं नगर स्वास्थ्य प्रवर्द्धन केन्द्रका लागि तपसिल बमोजिमका पदहरुमा करारमा पदपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने ।

| सि.नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | हे.अ. | पाँचौं | २(दुई) | |
| २ | फार्मेसी सहायक | पाँचौं | २(दुई) | |
| ३ | अ.हे.ब. | चौंथो | १(एक) | |
| ४ | सहायक कम्प्युटर अपरेटर | चौंथो | २(दुई) | |
| ५ | का.स. | श्रेणिविहीन | ३(तीन) | |

१६. कोहलपुर नगरपालिका वडा नं. १ स्थित भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुको जोतभोग गर्दै आएका १३ जना भूमिहिन दलित, भुमिहिन सुकुम्बासीहरुको जग्गाधनी पुर्जा वितरण गर्न छुट भएकाले उक्त १३ जनाको विवरण पुनः रुजु गरिदिनका लागी भुमी सम्बन्धी समस्या समाधान आयोग, जिल्ला समिति, बाँकेलाई अनुरोध गर्ने ।

१७. श्री ज्ञानज्योति माध्यमिक विद्यालय, कोहलपुर १२, बाँकेमा रहेको पुरानो टिनको छाना भएको जिर्ण भवन भत्काउनुपर्ने र उक्त स्थानमा विद्यालयको नयाँ प्रशासनिक भवन निर्माण हुने भएकाले सो का लागि अनुमति माग गरेकोमा विद्यालय व्यवस्थापन समितिको मिति २०८२/११/२९ को निर्णय एवं विद्यालयको पत्र माग बमोजिम उक्त पुरानो एक वटा टिनको छाना भएको भवन भत्काउनका लागि अनुमति प्रदान गर्ने ।

१८. कोहलपुर नगरपालिका ९ नं. वडा कार्यालयको कम्पाउण्ड वाउण्ड्री, गेट र ढोका जडान कार्यका लागि भैपरी आउने पुँजिगत खर्च शीर्षकबाट रु.९६,०००।- भुक्तानी गर्ने ।

१९. सरस्वती सामुदायीक वनको भवन निर्माणको लागी यस आ.व. मा ५० लाख विनियोजन गरिएकोमा प्राविधिक स्टीमेट अनुसार भवन निर्माणमा रु ८० लाख लाग्ने भएकोले सो भवन निर्माणमा अपुग रकम रु ३० लाख थप गरी बहुवर्षीय ठेक्का गर्ने ।

२०. २०८२ भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा कार्यालयमा रहेका सबै सवारी साधन तोडफोड तथा आगजनी भइ पुर्णरुपमा क्षती भएकोले कार्यालय प्रयोजनका लागी १ थान स्कारपियो गाडि भाडामा लिने ।

२१. कोहलपुर वडा नं. ६ को शिब मन्दिर जाने बाटोको दक्षिण तर्फ बालबिद्या स्कुल जोड्ने बाटोमा माटो तथा ग्राभेलको लागी भैपरी आउने पुँजीगत शिर्षकबाट हुने गरी रु.२,५०,०००/- (दुई लाख पचास) व्यवस्था गर्ने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ७०, २०७९-२०८४
मिति २०८२/११/२९ को
निर्णय प्रमाणित ........

२२. कोहलपुर नगरपालिका वडा नं. ७ मा जय गुरुदेव भजन केन्द्रको सौचालय निर्माणको लागी भैपरी आउने पुँजिगत खर्च शीर्षकबाट रु. १ लाख व्यवस्था गर्ने ।

२३. कोहलपुर नगरपालिका वडा नं २ मा रहेको ॐ शान्तीले २ थान AC माग गरे बमोजीम उक्तसंस्थालाई यस कार्यालयबाट माग बमोजीम AC खरिद गरी हस्तान्तरण गरेको हुंदा उक्त AC खरीदको वाफतको रकम विभिन्न सरकारी, गैरसरकारी तथा सामाजीक संस्थाहरुलाई AC सहयोग शीर्षकबाट रु.२,३७,३००/- (दुई लाख सैतिस हजार तीन सय) भुक्तानी गर्ने ।

२४.कोहलपुर नगर अस्पताल संचालन सुरुवाती अवस्थामा रहेकोले नगर अस्पतालले प्रदान गर्ने ल्याब/ रेडियो ग्राफी सेवा हाललाई नगर अस्पतालमा कार्यरत कर्मचारीको हकमा वर्षमा १(एक) पटक निःशुल्क सेवा दिने ।

२५. कोहलपुर नगरपालिकाको वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १८६ सि.नं ५०३ मगर भाषा पुनर्ताजकीय कार्यक्रम सञ्चालनका लागि नेपाल मगर संघ कोहलपुर कार्य समितिसँग सम्झौता गरी आवश्यक प्रक्रिया अगाडी बढाउने ।

२६. कोहलपुर नगरपालिकावाट आ.ब. २०८१/०८२, आ.ब २०८२।०८३ तथा विगतका वर्षहरुदेखि नै आर्थिक ऐन मार्फत करारोपण गर्दा नेपालको संबिधान २०७२ को धारा ५७(४), ५७(५) तथा अनुसुचि ०८ र ०९ भित्र रही आफ्नो अधिकारक्षेत्र रहने गरी नै करारोपण गरिएको । आफ्नो क्षेत्राधिकार बाहिर करारोपण नगरिएको स्थानिय शासन कार्यसम्पादन मुल्यांकन प्रणाली -LG pass लगायतका विविध सरोकारवालाहरुको प्रयोजनार्थ स्वः घोषणा गरिएको ।

२७. स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP) तर्फ कार्यान्वयन गर्दा बोलकबोलबाट घटी रकम बचत भएकोमा तपशिलका योजनाहरुमा बजेट विनियोजन गरी योजना कार्य अगाडि बढाउने ।

तपशिल

क) दिपनगर बनखेत बाटो नाली निर्माण तथा स्तरोन्नती वडा नं. २ बजेट रु. ९,६१,०००।-
ख) सरस्वती चोक देखि झरकट्टी जाने सडक कालोपत्रे वडा नं. ८ बजेट रु. ९,७२,०००।-
ग) शान्तिनगर देखि प्रगतिनगर जोड्ने सडक खण्ड कालोपत्रे वडा नं. ५ बजेट रु. ९,२७,५००।-

२८.आ.ब. २०८२/०८३ को वडा तर्फको सिलिङ्बाट छनौट गरिएका देहायका योजनाहरुको संशोधनका लागि वडा समितिबाट निर्णय भै आएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

**वडा नं. १० (वडा समितिबाट निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | भैपरी आउने विविध(सि.नं. २७४) | वडा कार्यालयमा खानेपानी धारा जडान | २०,००० | २०५२/०५/१३ को वडा समिति निर्णय |
| | | खि्ष्टिय सामुदायिक मण्डली व्यवस्थापन | २५,००० | |
| | | वडास्तरीय फुटबल प्रतियोगिता | २०,००० | |

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ७०, २०७९-२०८४
मिति २०८२/११/२९ को
निर्णय प्रमाणित ..........

| | | | | |
|---|---|---|---|---|
| २ | भैपरी आउने विविध(सि.नं. २७४) | गायत्री मन्दिर रंगरोगन, मर्मत तथा गेट निर्माण | ५०,००० | २०५२/०५/०४ को वडा समिति निर्णय |
| | | ख्रिष्टिय सामुदायिक मण्डली व्यवस्थापन | २५,००० | |
| | | रोफेका चर्च व्यवस्थापन | २५,००० | |
| | | ट्राफिक प्रहरीलाई ईन्धन तथा अन्य सहयोग | ११,००० | |
| | | कोहलपुर ओम शान्तीलाई सहयोग | २०,००० | |
| **वडा नं. ११ (वडा समितिबाट २०८२/०८/२३ मा निर्णय भएको)** | | | | |
| **सि.नं.** | **साविक योजना/ कार्यक्रमको नाम** | **संशोधित योजनाको नाम** | **रकम रु.** | **कैफियत** |
| १ | पेन्सन क्याम्प जाने बाटोको पश्चिम शंकर न्यौपानेको घरसम्म आर.सि.सि. नाली निर्माण (सि.नं.२९८) | पेन्सन क्याम्प जाने बाटोको पश्चिम शंकर न्यौपानेको घरसम्म आर.सि.सि. नाली ढलान/ब्लक | ३,००,००० | वडा समितिको मिति २०८२/०८/२३ मा निर्णय भएको |
| २ | विविध तथा भैपरी(सि.नं. २९४) | माघे संक्रान्ती तथा माघि मिलन महोत्सव कार्यक्रम | ५१,००० | |
| ३ | विविध तथा भैपरी(सि.नं. २९४) | शुभकामना सन्देश प्रसारण गरे वापत रासी सोनारी मिडिया प्रा.लि. | १०,००० | वडा समितिको मिति २०८२/०७/११ मा निर्णय भएको |
| **वडा नं. ४ (वडा समितिबाट २०८२/०८/१६ मा निर्णय भएको)** | | | | |
| **सि.नं.** | **साविक योजना/ कार्यक्रमको नाम** | **संशोधित योजनाको नाम** | **रकम रु.** | **कैफियत** |
| १ | जन प्रतिनिधी कर्मचारी अवलोकन भ्रमण (सि.नं. १६९) | विपद व्यवस्थापन कोष (सि.नं. १७२) | १,००,००० | वडा समितिको मिति २०८२/०८/१६ को निर्णय |
| **वडा नं. १४ (वडा समितिको विभिन्न मितिमा निर्णय भएको)** | | | | |
| **सि.नं.** | **साविक योजना/ कार्यक्रमको नाम** | **संशोधित योजनाको नाम** | **रकम रु.** | **कैफियत** |
| १ | विभिन्न टोल बस्तीहरुमा नाली निर्माण (सि.नं. ३६२) | क्षतिग्रस्त वडा नं. १४ को भवन पुर्ननिर्माण तथा मर्मत कार्य | १,४१,००० | वडा समितिको मिति २०८२/०९/११ को निर्णय |
| २ | विविध तथा भैपरी (सि.नं. ३५७) | वडा नं.१४ हवलदारपुरमा बेरीगाड | ६०,००० | वडा समितिको मिति २०८२/०९/२० को निर्णय |
| | | पत्रपत्रिका तथा छपाई खर्च | ५०,००० | |
| | | खानेपानी फिल्टर | ३०,००० | |

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत